बैठक संख्याः ४७ मितिः २०८२।०१।०३ समयः विहान ८:०० बजे

आज मिति २०८२।०१।०३ गते गुराँस गाउँपालिका दैलेखको ४७औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न. २ |
| श्री काँशीराम शर्मा | - वडा अध्यक्ष वडा न. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा न. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत (सचिव) |

सहयोगी

| | |
|---|---|
| १ खेमराज उपाध्याय | सहायक पाँचौ |
| २ पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ३ खगीसरा बि क | का स |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको समिक्षा

२. आ.व.२०८१।०८२ को समिक्षा र आ.व.२०८२।०८३ को बजेट तर्जुमा सम्बन्धमा ।

३. यस चालु आ.व.को बाकी बजेट कार्यान्वयनको कार्ययोजना ।

४. गुराँस बहुमुखि क्याम्पस संचालन तथा व्यवस्थापन अनुदान सम्बन्धमा ।

५. बालेमुढा देखि बडबडी जानेबाटोको स्तरउन्नतीको कार्य संचालन सम्बन्धमा ।

६. करार सेवाका कर्मचारीहरुको तलब र बाँकी रकम भुक्तानी सम्बन्धमा ।

७. विद्यालय भनव निर्माण ठेक्काको ठेक्का म्याद थप सम्बन्धमा ।

८. कार्यविधि पारीत गर्ने सम्बन्धमा ।

९.विविध

क) कार्यालयका सवारी साधन संचालन व्यवस्थापन सम्बन्धमा ।

ख) विद्यालय एकिकरण तथा संचालन सम्बन्धमा ।

ग) गाउँपालिकामा लगाईको स्टोन मेसिनरि वालको रकम भुक्तानी सम्बन्धम ।

घ) नदिजन्य वस्तुको विक्रि सम्बन्धमा ।

ङ) सहकर्मी समाजका संग साझेदारी कार्यका लागि संझौता सम्बन्धमा ।

च) विधुत सफ्टवयर संचालन संझौता सम्बन्धमा ।

छ) **LISP** टेन्डरवाट बचेको रकमको उपयोग सम्बन्धमा ।

ज) खानेपानी योजना संचालन सम्बन्धमा ।

ञ) गुराँस चलचित्र पर्यटन सम्वादको रकम भुक्तानी सम्बन्धमा ।

ट) डि पि आर निर्माण सम्बन्धमा ।

निर्णयहरु :

**निर्णय नं. १:**

प्रस्ताव नं १ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको ४६ औं बैठकले गरेका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा गर्दा उक्त बैठकमा भएका १८ वटा निर्णहरु मध्ये धेरै निर्णयहरु पुर्ण कार्यान्वयन भएको र बाँकी कार्यान्वयनको क्रममा रहेका तथा कार्यान्वयन नभएका ३ वटा निर्णयहरु वैसाख मसान्त सम्म पूर्ण रुपमा कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. २:** प्रस्ताव नं २ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको आर्थिक वर्ष २०८१ साल बैसाख महिना देखि २०८१ चैत्र महिना सम्म जम्मा १७ वटा कार्यपालिका वैठक वसी ३१५ वटा निर्णय भएकोमा जम्मा निर्णयकमा २९६ वटा निर्णयहरु पूर्ण कार्यान्वयन भएका र बाँकी निर्णयहरु कार्यान्वयनको क्रममा रहेका तथा कार्यान्वयन नभएका निर्णयहरु चालु आर्थिक वर्ष भित्र कार्यान्वयन गरीसक्ने गरी बैठक र बैठकका निर्णयहरुको कार्यान्वयनहरुको समिक्षा गरीयो, यसैगरी गाउँपालिकाको चालु आ.व. २०८१।०८२ को हाल सम्मको कार्य प्रगतीको समीक्षा गर्दा पालिका स्थित शाखाहरुको कार्य निम्नानुसार रहेको पाईयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीगाउँ, दैलेख
कर्णाली प्रदेश नेपाल

चालु आ.व. २०८१।०८२ को हाल सम्मको कार्य प्रगतीको समीक्षा गर्दा पालिका स्थित शाखाहरुको कार्य निम्नानुसार रहेको पाइयो ।

तपसिल

कार्यालय परीसर र कार्यालयको बाहिरी व्यवस्थापन तथा बगैचा निर्माण कार्य प्रभावकारी भएको ।

आर्थिक प्रशासन शाखाकोहकमा आ.व.को पहिलो चरणको कार्य संतोषजनक नभएको र पछिल्लो चरणमा आर्थिक प्रशासन शाखाको कार्य संतोषजनक रहेको ।

लिजा, एफ आर ए मा गाउँपालिकाको प्रगती संतोषजनक भएको ।

अन्य सबै शाखाहरु, वडा कार्यालयहरु र स्वास्थ्य शाखा र स्वास्थ्य सस्थाहरुवाट भएको काम प्रभावकारी रुपमा संचालन नभएको तथा गाउँपालिकाको आन्तरीक राजश्व तर्फ राजश्व संकलनका प्रमुख क्षेत्रहरु गाउँपालिकाको ब्याकहो लोडर परीचालन, आन्तरीक राजश्व संकलन र कृषि विकास शाखावाट हुने आम्दानीको प्राप्ती र नयाँ शैक्षिक सत्रकालागि भर्ना अभियान संचालनको कार्यक्रम संचालन नभई अन्ययौलता सृजना भएकाले शिक्षा शाखा समेतको काम संतोषजनाक नभएकाले प्रभावकारी रुपमा कार्य संचालन गर्नका लागि सम्वन्धीत शाखाहरुवाट उल्लेखित विषयका सम्बन्धमा प्रतिवेदन माग गरी प्राप्त प्रतिवेदनका विषयमा आगामी वैठकमा छलफल गरी कार्य संचालन गर्ने र आगामी आर्थिक वर्षका लागि शाखागत योजनाहरु विषयगत समितिमा पेश गर्ने तथा वडागत योजना तर्जुमामा आ आफ्ना शाखाले आर्न्तगतका विषयमा सहयोग गरी बजेट तथा कार्यक्रम निर्माण गर्ने निर्णय गरीयो ।

साथै नयाँ वर्ष २०८२ को अवसरमा सबै गाउँ वासी तथा आम नागरीकलाई सुस्वास्थ्य सुख समृद्धि कामना सहित शुभकामना प्रदान गर्ने निर्णय गरीयो ।

यसैगरी आगामी आ.व. २०८२।०८३ का बजेट निति तथा कार्यक्रम निर्माण गर्न गाउँपालिकाले हाल सम्म गरेका कार्यहरुवाट भएका सिकाईका आधारमा सम्वन्धीत विषयगत समितिहरु बाट कार्यारम्भ गर्न निम्नानुसारको समय निर्धारण गर्ने निर्णय गरीयो ।

क. राजश्व परार्श समिति को बैठक मिति २०८२ वैशाख पहिलो हप्ता वा १० गते सम्म

ख. श्रोत अनुमान तथा सिमा निर्धारण समितिको बैठक मिति पहिलो हप्ता तथा वैशाख १५ सम्म

ग. वडा स्तरवाट योजनाहरु छनौट तथा प्रथामिकिकरण गरी पठाउने जेठ १५ गते सम्म

घ. प्राप्त योजनाहरु विषयगत समितिवाट छनौट तथा प्राथमिकिकरण गरी २०८२ जेठ २५ गते सम्म विषयगत समितिले कार्यपालिकामा माफत गाउँसभामा पेश गर्ने निर्णय गरीयो ।

प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. ३: प्रस्ताव नं ३ माथि छलफल गर्दा यस आ.व.मा संचालन हुन बाँकी रहेका योजना तथा कार्यक्रम संचालन तथा कार्यान्वयनका लागि कार्ययोजना बनाई कार्य संचालन गर्न निर्णय नं २ अनुसार कार्यपालिकावाट प्राप्त निर्देशन बमोजिम हालसम्म कार्य संचालनका क्रममा भएका कमी कम्जोरीहरु आत्मसाथ गरी सुधारात्मक रुपमा संचालन गर्न बाँकी रहेका कार्यक्रम तथा योजनाहरु आगामी दुई महिनाको प्रभावकारी कार्यसम्पादन योजना बनाई अध्यक्ष ज्यू समक्ष मपेश गरी कार्यान्वयन गर्ने निर्णय गरीयो ।

निर्णय नं. ४: प्रस्ताव नं ४ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका वडा नं ३ मा संचालन गरिने गुराँस बहुमुखि क्याम्पस संचालन तथा व्यवस्थापनका सम्बन्धमा गुराँस गाउँपालिकाको ४५ औ कार्यपालिका बैठकको निर्णय नं.५ मा निर्णय अनुसार तोकिएको समितिवाट पेश हुन आएको उल्लेखित विषय संग सम्बन्धीत अध्ययन प्रतिवेदनका आधारमा गुराँस गाउँपालिकावाट कार्यक्रम योजनाको रुपमा रु १५ लाख रकम उपलब्ध गराउने भनि भएकोमा उल्लेखित विद्यालयलाई उपलब्ध गराउने योजनाको रकम अनुदान स्वरुप उपलब्ध गराईपाउ भनि सम्बन्धीत क्याम्पसवाट माग भई निवेदन भएकाले उक्त योजना रकम गुराँस बहुमुखि क्याम्पस संचालन तथा व्यवस्थापन अनुदान शिर्षकमा अनुदान संभौता गरी सम्बन्धीत क्याम्पसको खातामा उपलब्ध गराउने निर्णय गरीयो ।

निर्णय नं. ५: प्रस्ताव नं ५ माथि छलफल गर्दा गुराँस गाउँपालिका वडा नं. ४ को बालेमुढा देखि बडबडी जानेबाटो स्तरउन्नतीको काम कार्यान्वयन सम्बन्धमा छलफल हुदा उल्लेखित सडकको सडक स्तरउन्नतीको काम यथा शिघ्र सम्बन्धीत सडक लाभग्राही क्षेत्रका नागरीकहरुको सहभागितामा तोकिए बमोजिम निर्माण उपभोक्ता समिति गठन गरी वडा अध्यक्ष तथा वडा समितिको समेत सहभागितमा कार्य सम्पन्न गर्ने तथा कार्य सम्पन्न नभएको खण्डमा गाउँपालिकालाई कुनैपनि आर्थिक दायित्व नपार्ने गरी प्रतिवद्धता गराई कार्य सञ्चालन गर्ने निर्णय गरीयो ।

निर्णय नं. ६: प्रस्ताव नं ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका करार शिक्षक, सचिवालय सहायक, विद्युत कर्मचारीहरुको विगत आ. व. देखिको भुक्तानी हुन बाँकी तलब रकम तथा कार्यालय सहयोगी र जनसम्पर्क सहयोगी कर्मचारीहरुको हाल खाइपाइ आएको तलबमा रकम थप घट गर्ने विषयमा

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

दीप बहादुर बि.सी.
अध्यक्ष

कार्यपालिका वैठकमा पटक पटक वजेट शिपक र भुक्तानी प्रक्रियाका वारेमा छलफल भएता पनि सो समस्या सामाधान नभएकाले उल्लेखित विषयको दिगो सामाधानका लागि भुक्तानी दिन वाँकी रहेका कर्मचारीहरुको विवरण र रकम तथा रकम भुक्तानी नहुनुको कारण सहित र उल्लेखित कर्मचारीहरुको तलब घटवढ गर्ने विषयमा प्रचलित कानुनको अधिनमा रहि भुक्तानी दिनु पर्ने वा नपर्ने विषयको तथ्यगत विष्तृत विवरण सहितको प्रतिवेदन तयार वडाका वडाअध्यक्षहरु सहितको अध्यक्ष उपाध्यक्षको सहभागितामा विषेश वैठक वसी उक्त वैठकमा छलफल हुनेगरी उल्लेखित विषय सम्वद्ध प्रस्तावको अन्तिम निर्णय गराउन तपसिलका पदाधिकारी तथा कर्मचारीको प्रतिवेदन समितिलाई कार्य जिम्मेवारी प्रदान गर्ने निर्णय गरीयो ।

तपसिल

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत श्री दिल वहादुर पौडेल | संयोजक |
| वडा नं. ३ का वडा अध्यक्ष श्री कांशीराम शर्मा | सदस्य |
| वडा नं. ६ का वडा अध्यक्ष श्री चन्द्र वहादुर राना | सदस्य |
| वडा नं. ८ का वडा अध्यक्ष श्री दिपेन्द्र वली | सदस्य |
| शिक्षा शाखा प्रमुख श्री भुपेन्द्र भण्डारी | सदस्य सचिव |

निर्णय नं. ७: प्रस्ताव नं ७ माथि छलफल गर्दा गुराँस गाउँपालिकाकाले निर्माण प्रयोजनका लागि नियमानुसार तोकिएको प्रक्रिया पुरा गरी निर्माणका लागि छनौट भएका ठेक्का नं. ०२।०८०।०१ को ने.रा.मा.वि.बगौरा र ठेक्का नं.०३।०८०।८१को मालिका मा.वि. छोटेपोखराको भवन निर्माणको ठेक्काको म्याद थपका सम्वन्धमा तोकिएको समयमा ठेक्का सम्वान्धीको काम सम्पन्न गर्न नसक्नुको कारण खुलाई सम्वन्धीत ठेकेदार बाट नियमानुसार तोकिएका कागजातहरु सहितको निवेदनमा उल्लेखित ठेक्काको म्याद थप गर्ने वा नगर्ने भन्ने विषयमा भौतिक पूर्वाधार शाखा र अनुगमन समितिको राय सहितको सिफारीसका आधारमा परामर्श गरी निर्णय लिन प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरीयो ।

निर्णय नं. ८: प्रस्ताव नं ८ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको स्वीकृत वार्षिक निति तथा कार्यक्रम वमोजिम तोकिएका कार्यक्रम सहज र नियमानुसार संचालन गर्न सहजताका लागि कार्यपालिकामा पेश

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

हुन आएका तपसिलका कार्यविधिहरु स्वीकृतिका सम्बन्धमा छलफल गर्दा आवश्यकिय कार्यक्रम संचालनका लागि तयार भई स्वीकृतिका लागि पेश भएकाले उक्त कार्यविधिहरु परीत गर्ने निर्णय गरीयो ।

तपसिल

१. अपांगता परिचय पत्र वितरण कार्यविधि, २०८२

२. सरसफाइ तथा फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२

**निर्णय नं. ९: प्रस्ताव नं ९ को विविध क** माथि छलफल गर्दा गुरांस गाउँपालिकाको कार्य संचानल सहजताका लागि कार्यालयले उपलब्ध गराएका मोटरसाईकलहरु प्रयोग संचालन तथा व्यवस्थापका सम्बन्धमा छलफल हुदा कुनै शाखालाई एक भन्दा बढी साधन उपलब्ध गराईएको र कुनै शाखा तथा वडा कार्यालयलाई मोटरसाईकल नै उपलब्ध नगराएर कार्य सम्पादनमा असहजता भएकाले पहिलो प्राथमिकतामा वडा अध्यक्ष र शाखा प्रमुखलाई राखी साधन परीचालन गर्ने भन्ने सम्बन्धी निर्णय भएकाले तपसिलका वडा कार्यलय तथा शाखामा भएका दुईवटा मोटरसाईकल मध्ये १ वटा मोटरसाईकल फिर्ता ल्याई तपसिलका शाखा तथा वडा कार्यालयलाई उपलब्ध गराउने निर्णय गरीयो ।

तपसिल

| दुईवटा भएका वडा तथा शाखा हरु | उपलब्ध गराउनु पर्ने वडा तथा शाखाहरु |
|---|---|
| वडा नं. १ को कार्यालय २ वटा मोटरसाइकल | वडा न ३ को कार्यालयमा हाल सम्म नभएको |
| वडा नं. ७ को कार्यालय २ वटा मोटरसाइकल | वडा न ५ को कार्यालयमा हाल सम्म नभएको |
| वडा नं. ४ को कार्यालय २ वटा मोटरसाइकल | गाउँपालिकाको आकस्मीक प्रयोगको लागि व्यवस्था नभएको |
| कृषि विकास शाखा २ वटा मोटरसाइकल | वडा न ६ को कार्यालयमा हाल सम्म नभएको |

**निर्णय नं. ९: प्रस्ताव न ९ को विविध ख** माथि छलफल गर्दा गुरांस गाउँपालिका वडा न. ४ ले विद्यालय एकिकरण र संचालनका सम्बन्धमा वडा स्तरीय सर्वदालिय सरोकारवाला निकायको संयुक्त बैठक बसी सर्व सहमत रुपमा निर्णय गरी पठाएकाले उक्त वडाको सर्वदलिय सर्व पक्षीय निर्णका आधारमा श्री लक्ष्मी मा.वि. रतिखोला गुरांस ४ लाई केन्द्र बनाई विद्यालय एकिकरण तथा संचालन गर्ने र उक्त विद्यालय संचालन व्यवस्थापनका लागि गाउँपालिकाको बजेट तथा कार्यक्रम सिमा भित्र रहि विद्यालय बस खरीदको आवश्यक प्रक्रिया अगाडी बढाउने निर्ण गरीयो । साथै उक्त विद्यालय एकिकरण सम्बन्धीको आवश्यक प्रकिया समेत अगाडी बढाउन शिक्षा तथा खेलकुद विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरीयो ।

[signature] बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

[signature] बहादुर बि.सी.
अध्यक्ष

निर्णय नं. ९: प्रस्ताव नं ९ को विविध ग माथि छलफल गर्दा गुराँस गाउँपालिकाको कार्यालय परीसरमा श्री के.के. टि कन्सटक्सनले निर्माण गरको स्टोन मेशनरी वाल निर्माण कार्यको रकम भुक्तानी लागि १५औं गाउसभावाट स्विकृत बजेट शिर्षकमा योजनाका नाम फरक हुनु पर्नेमा सोही नाम दोहोरो परेकाले योजनाको क्रम सं नं १७४ र २१५ मा पनि सोहि नाम उल्लेख भएकाले उल्लेखित दोहोरो नामको योजना एउटै नभई फरक फरक भएकाले निम्नानुसार योजना मा कार्यालय परीसरको स्टोन मेशनरी वालको भुक्तानी दिने निर्णय गरीयो ।

तपसिल

| क्र. स. | योजना पुस्तिकामा उल्लेखित क्र. स. | भएको योजनाको नाम | हुनुपर्ने योजनाको नाम |
|---|---|---|---|
| १ | १७४ | गुराँस गाउँपालिकाको घेरवार तथा गेट निर्माण योजना | कार्यालय परिसरमा स्टोन मेशनरी वाल निर्माण योजना |
| २ | २१५ | गुराँस गाउँपालिकाको घेरवार तथा गेट निर्माण योजना | |

निर्णय नं. ९: प्रस्ताव नं ९ को विविध घ माथि छलफल गर्दा गुराँस गाउँपालिका वडा नं. २ स्थित लोहोरे खोला र कर्णाली नदिको नदिजन्य पदार्थ निकासी सम्वन्धमा कार्यपालिकाको अधिल्ला बैठकहरुमा वडा नं २ को कार्यालयलाई जिम्मा दिने सम्वन्धीको निर्णय कार्यान्वयन गर्दा वडा कार्यालयको पुर्ण संरक्षण रेखदेख र नियन्त्रणमा १ जना ज्यालादारी कर्मचारी नियुक्ती गरी उक्त कर्मचारीको रेखदेखमा र नदिजन्य पदार्थ ढुंगा गिट्टी वालुवा निकासी गर्न र उक्त कार्य वापतको संकलित राजश्व वडा कार्यालय मार्फत दाखिला गर्ने निर्णय गरीयो ।

निर्णय नं. ९: प्रस्ताव नं ९ को विविध ङ माथि छलफल गर्दा गुराँस गाउँपालिका दैलेखमा गुराँस गाउँपालिका र सहकर्मी समाजको साझेदारीमा टोल विकास संस्था पुनर्गठन, गठन र परिचालन सम्वन्धीका कार्य संचालन गर्नका लागि गुराँस गाउँपालिका र सहकर्मी समाज बिच भएको दुईपक्षीय सहमती अनुसार कार्य संचालनका लागि नितिगत र कार्यगत सम्झौता गरी कार्यारम्भ गर्ने निर्णय गरीयो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. ९: प्रस्ताव नं ९ को विविध च माथि** छलफल गर्दा गुराँसं गाउँपालिकाको सामुदायिक विद्युतिकरणलाई प्रभावकारी रुममा संचालन गर्नका लागि विद्युत मिटर रिडीङ्ग तथा विलिङ्ग सफ्वयर कार्यान्वयनमा ल्याउन सो सम्बन्धी सफ्टवयर विवरण पेश भएकाले उल्लेखित विद्युत सफ्टवयर कार्यान्वयनमा ल्याउनका लागि दुईपक्षीय संझौता गर्न आवश्यक प्रक्रिया अगाडी वढाउने निर्णय गरीयो ।

**निर्णय नं. ९: प्रस्ताव नं ९ को विविध छ** माथि छलफल गर्दा गुराँस गाउँपालिकामा **LISP** परीयोजना अन्तरगत गरीएका ८ वटा योजनाहरुको टेन्डरमा पेश हुन आएको कवोल रकम र संझौता रकम विच फरक रकम (बचत रकम) को एकिन गरी उक्त रकमको उपभोक्ता समिति मार्फत कार्यसंचालन हुनेगरी सम्बन्धीत शाखाको सिफारीसमा थप नयाँ योजना तर्जुमा गरी कार्यान्वयन गर्न प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरीयो ।

**निर्णय नं. ९: प्रस्ताव नं ९ को विविध ज** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको वडा नं ६ मा चालु आर्थिक वर्ष २०८१।०८२ मा वार्षिक स्वीकृत नियमित कार्यक्रम तर्फ रु १५ लाखको लिफ्टिङ्ग खानेपानी योजना जिल्ला खानेपानी कार्यालय दैलेखको योजनामा रहेकोमा उक्त खानेपनी योजना विविध आन्तरीक कारणले कार्यान्वयन हुन नसकेकाले सोहि योजना अन्तरगत हुनेगरी उल्लेखित कार्यालयले गुराँस गाउँपालिका संगको सहकार्यमा वडा नं.६ को झ्याजे भ्यूचुला लिफ्टिङ्ग खानेपानी योजना (जुन चालु आर्थिक वर्ष २०७७।०७८ मा निर्माण कार्य शुरु भई हालसम्म अधुरो रहेको) को खानेपानी मेन लाईन लगाएत भौतिक संरचना सहितका निर्माण कार्य आवश्यक प्रक्रिया अगाडी वढाउन भौतिक पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरीयो ।

दिल बहादुर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ९:** प्रस्ताव नं **९ को विविध झ** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको विभिन्न खानेपानि योजना संचालनका लागि आवश्यक पर्ने खानेपानी निर्माण योजना संग सम्वन्धीत मोटर, पम्प लगाएतका सामानहरुको जिल्ला तथा पालिका स्तरीय दररेट निर्धारण गरी स्वीकृत नभएकाले उल्लेखित योजना संचलनका गर्न चाहिने मोटर लगाएतका खानेपानि सम्वद्ध समानहरुको पालिका स्तरीय दर रेट स्वीकृत गर्न भौतिक पूर्वाधार शाखावाट सम्वद्ध प्रक्रिया पुरा गरी पेश हुन आएको पालिका स्तरीय खानेपानी योजना सम्वद्ध दररेट स्वीकृत गरी पारीत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९:** प्रस्ताव नं **९ को विविध ञ** गुराँस गाउँपालिकामा रेड च्यारी मेडिया प्रा.लि मार्फत संचालन गरीएको गराँस चलचित्र पर्यटन सम्वाद तथा कृषि लगानी सम्भावना सम्वाद कार्यक्रम सम्पन्न गरी उक्त कार्यक्रम संचालन वापत रकम भुक्तानी पाउ भनि माग गरीएको रकम रु १,६२,८००।०० अक्षरुपी एक लाख बैसठ्ठी हजार आठ सय मात्र रेड च्यारी मेडिया प्रा.लि.लाई भुक्तानि दिन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने दिने निर्णय गरीयो ।

**निर्णय नं. ९:** प्रस्ताव नं **९ को विविध ट** प्रस्तावमाथि छलफल गर्दा गुराँस गाउपालिका सडक तथा पर्यटनको समग्र विकासका लागि योजना तर्जुमा तथा योजनका माग गर्न तोकिएका योजनाहरुको लागि डि पि आर तयार गर्नुपर्ने भएकाले तपसिलका योजना संग सम्वन्धीत रहि डि.पि.आर तयार गर्न आवश्यक प्रक्रिया अगाडि बढाइ योजनाहरुको को डि पि आर सहित तालुक मन्त्रालयहरुमा योजना पेश गर्ने निर्णय गरीयो ।

<u>तपसिल</u>

१) गुराँसे पालिकाल्ना स्याउली बजार सडक निर्माणको डि.पि.आर.गुराँस ३ ।

२) भ्यूटावर पदमार्ग र बगैचा निर्माणको डि पि आर गुराँस ५ ।

३) मन्दिर देखि गुफा सम्म पदमार्ग निर्माण डि पि आर गुराँस ५ ।

टोप बहादुर बि.सी.
अध्यक्ष